# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७४

# Overview of Weekly Media Study Vol. 74


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ असार ०७, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनले २०८३ असार ०१ गतेदेखि ०७ गतेसम्म विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीको अध्ययन गरी नेपाली समाजका प्रमुख सामाजिक, सांस्कृतिक, राजनीतिक, कूटनीतिक, शैक्षिक तथा आर्थिक विषयहरूको समग्रता प्रस्तुत गरेको छ । अध्ययन अवधिमा सञ्चारमाध्यमहरूले राष्ट्रिय आवश्यकता, विकासका प्राथमिकता, सुशासन, सामाजिक रूपान्तरण तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित विविध विषयलाई प्रमुखताका साथ उठाएका छन् ।

यस अवधिमा धार्मिक, सांस्कृतिक तथा पर्यटनसम्बन्धी विषयहरूले उल्लेखनीय स्थान पाएका छन् । स्वामी अवधेशानन्द गिरिको नेपाल भ्रमणलाई सभ्यतागत संवाद र नेपाललाई विश्वसामु देवभूमिको रूपमा चिनाउने अवसरका रूपमा प्रस्तुत गरिएको छ । बौद्ध, हिन्दु र किराँत समुदायको संयुक्त धर्मसभा, सनातन सभ्यताको महत्व, योगको जीवनदर्शन तथा आधुनिक समाजमा यसको बढ्दो प्रभावबारे व्यापक चर्चा भएको छ । रातो मच्छिन्द्रनाथको रथयात्रा, भूमे पर्व, मत्स्यनारायण मेला, आकाश भैरवका ऐतिहासिक मुकुट फिर्ता, पञ्चे बाजा संरक्षण, दलित समुदायको इतिहास झल्काउने 'लुहारेकोट' तथा अन्तरजातीय विवाहजस्ता विषयहरूले नेपाली समाजको सांस्कृतिक विविधता र सामाजिक रूपान्तरणलाई उजागर गरेका छन् ।

पर्यटन क्षेत्रसँग सम्बन्धित समाचारहरू पनि उल्लेखनीय रहेका छन् । पाथीभरा, लुम्बिनी, नागेपोखरी, परेवा झरना, न्यालु लेक तथा पूर्वी नेपालका नयाँ पर्यटकीय गन्तव्यबारे सकारात्मक सामग्री प्रकाशित भएका छन् । भारतीय पर्यटकको बढ्दो आगमन, चारधाम यात्रा, देउडा संस्कृतिको प्रवर्द्धन तथा धार्मिक पर्यटन विस्तारका सम्भावनाबारे पनि चर्चा गरिएको छ । यस्ता सामग्रीहरूले पर्यटनलाई आर्थिक समृद्धि र सांस्कृतिक पहिचानसँग जोडेर प्रस्तुत गरेका छन् । राजनीतिक तथा लोकतान्त्रिक विषयहरूमा लोकतन्त्रको वर्तमान अवस्था, बहुलवादमा आधारित लोकतान्त्रिक गणतन्त्र, राजनीतिक दलहरूको मार्गचित्र तथा लोकतान्त्रिक मूल्यमान्यताप्रतिको प्रतिबद्धताबारे बहस केन्द्रित रहेका छन् । लोकतन्त्रमा प्रक्रिया र परिणाम दुवैको महत्व, राजनीतिक नेतृत्वप्रतिको जनअपेक्षा तथा सार्वजनिक उत्तरदायित्वका विषय प्रमुख रूपमा उठाइएका छन् । साथै, डिजिटल ठगी, सम्पत्ति छानबिन, सुशासन तथा प्रशासनिक सुधारका विषयहरूले पनि पर्याप्त स्थान पाएका छन् ।

शिक्षा, पूर्वाधार तथा विकाससम्बन्धी सामग्रीमा पाठ्यक्रम सुधार, शिक्षा क्षेत्रमा बजेट तथा पूर्वाधार व्यवस्थापन, विज्ञान र विचारधारासम्बन्धी बहस, नागढुङ्गा-नौबिसे सुरुङमार्ग सञ्चालनको तयारी तथा सडक पूर्वाधार सुधारका सरकारी प्रतिबद्धताहरू समेटिएका छन् । काठमाडौं उपत्यकाका खोला किनारको परिवर्तन, स्थानीय विकासका प्रयास तथा सीपमूलक कार्यक्रममार्फत महिलाहरू आत्मनिर्भर बन्दै गएको सन्दर्भलाई पनि सकारात्मक रूपमा प्रस्तुत गरिएको छ । मानसिक स्वास्थ्य र माइन्डफुलनेसजस्ता विषयले आधुनिक जीवनशैलीका चुनौतीप्रति सञ्चारमाध्यमको चासो देखाएको छ । अन्तर्राष्ट्रिय तथा कूटनीतिक सन्दर्भमा भारत-नेपाल सम्बन्ध, क्षेत्रीय सहकार्य तथा भारतीय राजनीतिका समसामयिक चुनौतीहरूमाथि विश्लेषणात्मक सामग्री प्रकाशित भएका छन् । यस्ता सामग्रीहरूले नेपालको कूटनीतिक प्राथमिकता र छिमेकी मुलुकसँगको सम्बन्धलाई नयाँ दृष्टिकोणबाट बुझ्न सहयोग पुऱ्याएका छन् ।

समग्रमा, यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समसामयिक विषयहरूको सन्तुलित, तथ्यपरक र विश्लेषणात्मक प्रस्तुति गरेको छ । प्रतिवेदनले नेपाली समाजका सांस्कृतिक, सामाजिक, राजनीतिक तथा विकाससम्बन्धी बहसलाई प्रतिबिम्बित गर्नुका साथै अनुसन्धानकर्ता, नीतिनिर्माता, सञ्चारकर्मी तथा आम पाठकका लागि उपयोगी सन्दर्भ सामग्रीको रूपमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

**Date: 2083 Asar 07, Sunday**

# Weekly Media Study Summary – 74

This Weekly Media Monitoring Report presented by Nepal Samwad Kendra, provides an overview of major social, cultural, political, diplomatic, educational and economic issues reflected in news reports, opinions, analyses and editorials published in various media outlets between June 15 and June 21, 2026 (Asar 01 – 07, 2083 BS). The media coverage during the review period highlighted debates on national priorities, development agendas, good governance, social transformation and international relations offering insight into the contemporary concerns and aspirations of Nepali society.

Religious, cultural and tourism-related issues received significant media attention throughout the week. The visit of Swami Avdheshanand Giri to Nepal was portrayed as an opportunity for civilizational dialogue and for promoting Nepal as a sacred land of spiritual heritage. Extensive coverage was also given to the joint religious assembly of Buddhist, Hindu and Kirat communities, discussions on Sanatan civilization, the philosophy and growing relevance of yoga in modern life and various religious and cultural festivals. Reports on the conclusion of the Rato Machhindranath chariot festival, the celebration of Bhume Festival, the return of historical crowns of Akash Bhairav, the Matsyanarayan Fair, efforts to preserve Panche Baja traditions and discussions on inter-caste marriage and Dalit heritage reflected Nepal's rich cultural diversity and ongoing social transformation.

Tourism emerged as another major theme. Media reports highlighted the growing popularity of destinations such as Pathibhara, Lumbini, Nagepokhari, Parewa Waterfall and Nyalu Lake while also emphasizing the increasing flow of Indian tourists to various parts of Nepal. Coverage of religious tourism, the Char Dham pilgrimage, the promotion of Deuda culture and emerging tourism opportunities in eastern Nepal illustrated the sector's importance for both economic development and cultural preservation. Political and democratic discourse remained prominent during the review period. Discussions focused on the future direction of democracy, the commitment of political parties to a pluralistic democratic republic and concerns regarding the erosion of democratic values. Media analyses emphasized the importance of both democratic processes and outcomes, while also examining public expectations of political leadership, accountability and governance. Issues such as digital fraud, property investigations, transparency and administrative reform received notable attention.

In the fields of education, infrastructure and development, media coverage addressed curriculum reform, government commitments to educational infrastructure and budget allocation, debates on science and ideology and preparations for the operation of the Nagdhunga–Naubise Tunnel Road. Reports also examined urban transformation along Kathmandu's river corridors, local development initiatives and the growing economic empowerment of women through skill-based programs. Discussions on mindfulness and mental well-being highlighted increasing concern over the challenges of modern lifestyles. International and diplomatic affairs were reflected through analyses of Nepal–India relations, regional cooperation and contemporary political developments in India. Such coverage provided broader perspectives on Nepal's diplomatic priorities and its engagement with neighboring countries.

Overall, this Weekly Media Monitoring Report presents a balanced, factual and analytical overview of major national and international developments covered by the media during the reporting period. By documenting key trends in social, cultural, political, diplomatic and developmental discourse, the report serves as a valuable reference for researchers, policymakers, media professionals and the general public seeking to understand the evolving dynamics of Nepali society.

## २०८३ असार ०१ गतेदेखि जेठ ०७ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### स्वामी अवधेशानन्द गिरिको नेपाल यात्रा सभ्यतागत संवादको अवसर

'सही ज्ञान सूचना मात्र होइन, रूपान्तरण हो ।' यो विचार हिन्दू धर्मको सबैभन्दा ठूलो सन्यासी परम्परामध्ये एक-जूना अखाडाका आचार्य महामण्डलेश्वर स्वामी अवधेशानन्द गिरिजी महाराजको हो । यो वाक्यले उनको सम्पूर्ण आध्यात्मिक दृष्टिकोणलाई संक्षेपमा व्यक्त गर्छ । उनका लागि ज्ञान पुस्तकमा सीमित सूचना होइन, व्यक्तित्व, समाज र सभ्यतालाई रूपान्तरण गर्ने चेतना हो । हजारौँ सन्यासीका मार्गदर्शक, लाखौँ श्रद्धालुका प्रेरणास्रोत तथा अन्तर्राष्ट्रिय रूपमा सम्मानित आध्यात्मिक व्यक्तित्व स्वामी अवधेशानन्द गिरि असार ५, ६ र ७ गते तीन दिने धार्मिक तथा सांस्कृतिक यात्राका क्रममा नेपाल आउँदै छन् । बाँकी... स्रोत : **https://annapurnapost.com/story/501988/**

स्रोत : **https://www.pardafas.com/2026/06/16/176878/**

स्रोत : **https://www.kathmandupati.com/news/awadhesananda/416236/**

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197616/2026-06-1**

### 'नेपाललाई देवभूमिको रूपमा चिनाउने प्रयास सराहनीय छ' : स्वामी अवधेशानन्द गिरि

भारतको ऋषिकेशस्थित जूना अखडाका पूज्य आचार्य महामण्डलेश्वर स्वामी अवधेशानन्द गिरिज्यूले नेपाललाई 'देवभूमि'का रूपमा चिनाउन वर्तमान सरकारले गरेको प्रयासप्रति आभार प्रकट गर्नुभएको छ । काठमाडौँको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा हिन्दू स्वयंसेवक संघ नेपालको आयोजनामा सम्पन्न 'प्रबुद्ध नागरिक गोष्ठी'लाई सम्बोधन गर्दै उहाँले नेपालको सांस्कृतिक तथा आध्यात्मिक गरिमाको उच्च प्रशंसा गर्नुभयो । बाँकी... स्रोत : **https://samwadkhabar.com/news/14271**

### विराटनगरमा  बौद्ध, हिन्दु र किराँतको संयुक्त धर्मसभा आयोजना

विराटनगरमा बौद्ध, हिन्दु र किराँत समुदायको संयुक्त्त धर्मसभा आयोजना भएको छ । सनातन धर्म सम्मेलनको ब्यानरमा विराटनगरमा शनिबार  हिन्दु, बौद्ध तथा किराँत समुदायको संयुक्त धर्मसभा आयोजना भएको हो । सभामा तीनवटै धर्मका धार्मिक गुरुसहित साधुसन्त, बुद्धिजीवी र आस्थावानहरू सयौँको संख्यामा सभामा सहभागी छन् । संयुक्त धर्मसभामा  हिन्दु धर्मगुरु स्वामी अवधेशानन्द गिरी, बौद्ध धर्मगुरु फुपु छेम्बे शेर्पा र किराँत धर्मगुरु आत्मानन्द लिङ्देन मुख्य अतिथिका रूपमा सहभागी छन् । बाँकी... स्रोत : **https://nayapatrikadaily.com/news-details/198059/2026-06-20?**

### 'योगा-म्याट' भन्दा माथिको जीवन-दर्शन

योग भनेको बिहानै पार्क वा कोठामा 'योगा-म्याट' (तन्ना वा चटकी) ओछ्याएर गरिने केही आसनहरूमा मात्रै सीमित कुरा पनि होइन । योग त हरेक दिनको, हरेक पलको र हाम्रा प्रत्येक श्वासको सहयात्री हो । आज संसारभरि नै अन्तर्राष्ट्रिय योग दिवसको बेग्लै रौनकता र तामझाम छ । भनूँ भने, सिङ्गो विश्व नै यतिखेर योगमय बनेको छ । मानिसहरूमा योगप्रति एउटा अद्‌भूत श्रद्धा, उमङ्ग र कौतुहलता पलाएको प्रस्टै देखिन्छ । हुन त, मानव समुदायले योगलाई यसरी उत्सवको रूपमा धुमधामसँग मनाउन थालेको धेरै हिउँद-बर्खा बितेका छैनन् । बाँकी...

स्रोतः **https://annapurnapost.com/story/502143/?**

## सनातन सभ्यताको जीवित केन्द्र

देवभूमि नेपालको धार्मिक, सांस्कृतिक र सभ्यतागत पहिचानका केन्द्रविन्दुमध्ये पशुपतिनाथको मन्दिर सर्वाधिक महत्वपूर्ण धरोहर हो । पशुपतिनाथको मन्दिर नेपाली सभ्यता, सनातन संस्कृति, आध्यात्मिक चेतना र राष्ट्रिय एकताको प्रतीक पनि हो । विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा मात्र नभई नेपालको ऐतिहासिक, सांस्कृतिक र धार्मिक गौरवको प्रतिनिधि स्थलका रूपमा स्थापित छ। प्रत्येक वर्ष लाखौं श्रद्धालु तथा पर्यटकले दर्शन र अवलोकन गर्ने यस क्षेत्रको महत्व दिनप्रतिदिन बढिरहेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210944**

## 'थारुदेखि कुसुन्डासम्म : लुम्बिनीका संस्कृतिमाथि व्यापक विमर्श'

नेपाल संस्कृत विश्वविद्यालय सांस्कृतिक अध्ययन केन्द्रको आयोजना र हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरको सहकार्यमा लुम्बिनी प्रदेश स्तरीय सांस्कृतिक सङ्गोष्ठी भएको छ। कोहलपुर नगरपालिकाको सभाहलमा भएको कार्यक्रममा प्रमुख अतिथि नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्राडा सुदनकुमार पौडेलले हाम्रा संस्कृति राष्ट्रका अमूल्य निधि भएकाले तिनको संरक्षण र प्रबर्धनका लागि यस्तो कार्यक्रम महत्त्वपूर्ण हुने बताए । उनले प्राचीन संस्कृतिलाई नवीन प्रविधिको उपयोगबाट प्रचार र संरक्षण गर्न सकिने सम्भावना औंल्याए । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/lumbini-provincial-level-cultural-symposium-concluded-br-87-57.html**

## भोटो जात्रासँगै रातो मच्छिन्द्रनाथको रथ यात्रा समापन

बुंगद्यो, करुणामय अर्थात् रातो मच्छिन्द्रनाथको प्रसिद्ध भोटो जात्रासँगै उपत्यकाको सबैभन्दा लामो जात्रा शनिवार सकिएको छ। वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको बहुमूल्य हिरामोती र रत्नजडित भोटो देखाउँदै हिजो जात्रा सकिएको हो । काठमाडौं उपत्यकाकै सबैभन्दा लामो जात्रा मानिने रातो मच्छिन्द्रनाथको रथयात्रा कम्तीमा एक महिनादेखि अधिकतम पाँच महिनाको अवधिमा सम्पन हुने गर्दछ। यसपटक अढाइ महिनामा रथयात्रा सकिएको छ। राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह(बालेन) को उपस्थितिमा साँझ ५ बजेर ४० मिनेटमा जावलाखेलमा भोटो देखाइएको थियो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/21/774077/**

## कला र संस्कृतिको संरक्षणमा सरकार पूर्ण प्रतिबद्ध छ : पर्यटनमन्त्री

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्‌कराज पौडेलले नेपाली कला र संस्कृतिको संरक्षण तथा प्रवर्धनमा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताएका छन् । शुक्रबार संस्कृति संस्थानको ५४औं वार्षिकोत्सव समारोहमा उनले नेपाली कला, संस्कृति र परम्पराले नेपाललाई विश्वमाझ चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। मन्त्री पौडेलले भने, 'कला र संस्कृतिको हिसाबले नेपाल विश्वमै धनी राष्ट्र हो। संस्कृति, प्रकृति र विकृतिका विषयमा कलाकारहरू पनि उत्तिकै सचेत हुन आवश्यक छ।' संस्कृति संस्थानका महाप्रबन्धक किरणबाबु पुनले संस्थानले विगतदेखि नै नेपाली कला, साहित्य र संस्कृतिको संरक्षणका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको जानकारी दिए ,। बाँकी...

स्रोत : **https://nepalprofit.com/2026/06/53654/**

## रातो मच्छिन्द्रनाथको पश्चिम यात्रा

रातो मत्स्येन्द्रनाथ (मच्छिन्द्रनाथ) को रथ लगनखेलबाट जावलाखेल तानिएको छ। जसलाई पश्चिम यात्रा पनि भन्ने गरिन्छ। यो जात्राको एक महत्त्वपूर्ण चरण हो। वर्षा र सहकालका देवताका रूपमा पुजिने ऐतिहासिक रातो मत्स्येन्द्रनाथको रथलाई ललितपुरका विभिन्न स्थानमा घुमाइन्छ। रातो मत्स्येन्द्रनाथको जात्रा नेपालमा मनाइने जात्रा मध्येकै सबैभन्दा लामो जात्रा हो। मत्स्येन्द्रनाथको रथ यात्रा वैशाख शुक्ल प्रतिपदादेखि सुरु भएर असार शुक्ल चतुर्थीसम्म चल्छ। मत्स्येन्द्रनाथको रथ यात्राको अन्तिम दिन भोटो देखाउने जात्रा हुन्छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/210646**

स्रोत : **https://khabarhub.com/2026/19/985697/**

## सुरु भयो मगर समुदायको भूमे पर्व

मगर समुदायको भूम्या (भूमे) पर्व सोमबारबाट काठमाडौँमा सुरु भएको छ। भूमिको पूजा गरी मनाइने यो पर्व रिडी नदी पश्चिम क्षेत्रका मगर समुदायले जेठ मसान्तदेखि असार ५ गतेसम्म मनाउने गर्छन् भने काठमाडौँमा ३ गतेसम्म मनाइन्छ। नेपाल मगर सङ्घले बुधबार काठमाडौँमा भूम्याको आयोजनामा विभिन्न सांस्कृतिक कार्यक्रम गरी मनाउन सुरु गरिएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210361**

## अन्तर्राष्ट्रिय योग दिवस कैलाश-मानसरोवरमा मनाइने

विश्व शान्ति तथा अध्यात्म विज्ञान समाज नेपालले यस वर्षको १२ औं अन्तर्राष्ट्रिय योग दिवस पवित्र तीर्थस्थल कैलाश-मानसरोवर क्षेत्रमा मनाउने भएको छ। सोमवार पत्रकार सम्मेलन गर्दै संस्थाले यस वर्षको १२ औं अन्तर्राष्ट्रिय योग दिवस पवित्र तीर्थस्थल कैलाश-मानसरोवर क्षेत्रमा मनाउने जानकारी दिएको हो। कार्यक्रम आगामी असार ७ गते आयोजना हुनेछ। बाँकी...

स्रोत : **https://samwadkhabar.com/news/14258**

## ३३ वर्षपछि फर्काइए आकाश भैरवका ऐतिहासिक मुकुट

ऐतिहासिक सहर दोलखाको गुरुकोट टोलबाट ३३ वर्षअघि चोरी भएको आकाश भैरव (हाथ्व) का दुईवटा ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका मुकुट आफ्नो पवित्रभूमि सांस्कृतिक सहर दोलखा फर्काएका छन्। अमेरिकाका विभिन्न सङ्ग्रहालयमा पुगेका यी अमूल्य सम्पदालाई कूटनीतिक तथा कानुनी प्रक्रियामार्फत स्वदेश फिर्ता ल्याइएपछि बिहीबार राष्ट्रिय सङ्ग्रहालय छाउनीबाट दोलखा ल्याइएको हो। बाँकी...

स्रोत : **https://annapurnapost.com/story/502010/**

## एकमहिने मत्स्यनारायण मेला सम्पन्न

तीन सय वर्ष पुरानो ऐतिहासिक मत्स्यनारायण मन्दिर परिसरमा लागेको एकमहिने मेला सम्पन्न भएको छ। भक्तपुरको दक्षिणतर्फ खरिपाटी, देकोचा, चाँगुनारायण मन्दिर र नगरकोट चारैतिरबाट पक्की सडक हुँदै पुग्न सकिने चाँगुनारायण नगरपालिका-५ छालिङ गोकुलधामस्थित उक्त मेला सोमबार सम्पन्न भएको हो। बाँकी... स्रोत : **https://khabarhub.com/2026/16/984378/**

## लय साधनाबाट प्राप्त आनन्द

भनिन्छ कि जीवनलाई जगत् र परमात्मासँग जोड्ने कला र विज्ञान साधनामा भेटिनु पर्छ। बोध र लय दुवै त्यस्तै साधनाका नाम हुन्। जीवनको मूल लक्ष्यलाई सबै दुःखबाट मुक्ति र परम् आनन्द प्राप्ति गरी दुइटै समेटियो भने यीमध्ये पहिलो लक्ष्य प्राप्तिमा बोधले र दोस्रो लक्ष्य प्राप्तिमा लय साधनाले सहयोग गर्छ। यी दुवै साधना जीवन विज्ञानले एक/एक हप्तासम्म सञ्चालन गर्ने गरेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210940**

## जावलाखेलमा देखाइयो भोटो, को-को पुगे

वर्षा र सहकालका देवताका रुपमा मानिने रातो मच्छिन्द्रनाथको रथजात्राको अन्तिम दिन ललितपुरको जावलाखेलमा भोटो जात्रा मनाइएको छ। मच्छिन्द्रनाथको रथ जावलाखेल पुऱ्याइएको चौंथो दिन शनिबार राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा भोटो देखाएर जात्रा मनाइएको हो । भोटो अवलोकन गर्न राष्ट्रपति पौडेलसँगै प्रधानमन्त्री बालेन शाह लगायतका उच्च पदस्थ व्यक्तिहरू पुगेका थिए। मणिमणिक्य जडित भोटो अवलोकन गर्न जावलाखेलमा सर्वसाधारणको बाक्लो भीड लागेको थियो भने गुठी संस्थानका प्रतिनिधिले भोटो देखाए। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958655/votes-were-shown-in-jawalakhel-who-reached-photos**

## भिक्षुहरूसँगै अमेरिकामा ३७ सय किमि पदयात्रा गरेर चर्चा कमाएको अलोका कुकुर लुम्बिनीमा

शान्तिका लागि भिक्षुका पाइला पछ्याउँदै अमेरिकामा १ सय ८ दिनमा ३ हजार ७ सय किलोमिटर हिँडेर साथ दिएको कुकुर अहिले लुम्बिनी आइपुगेको छ। पदयात्राका नेतृत्वकर्ता भिक्षु पन्याकरको साथ लागेर आइतबार उक्त कुकुर नेपाल आइपुगेको हो। बाँकी...

स्रोत : **https://ekantipur.com/lumbini-pradesh/2026/06/14/aloka-the-dog-who-gained-fame-by-trekking-3700-km-in-the-us-with-monks-is-in-lumbini-13-23.html**

## स्वयम्भूमा अलोका : विश्व शान्ति र करुणाका लागि यात्रा गरिरहेको एउटा कुकुर

घाम चर्किरहेकै थियो। स्वयम्भूको उचाइमा भने सितल बताससँगै रंगबिरंगी लुङ्दर फहराइरहेको थियो। यहीबेला आनन्दकुटी बिहारको सिंढीहरू उक्लिदै एउटा कुकुर देखापऱ्यो । उसको घाँटीमा स्कार्फ बाँधिएको थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954594/aloka-in-swayambhu-a-dog-traveling-for-world-peace-and-compassion**

## प्रदेश प्रमुख मियाँद्वारा बुद्ध प्रतिमा स्थापना तथा अम्बेडकर पार्कको शिलान्यास

सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले कैलालीको घोडाघोडी नगरपालिका-१० बुलबुलेमा बुद्ध प्रतिमा स्थापना तथा बौद्ध अम्बेडकर पार्कको शिलान्यास गरेका छन् । नेपाल बौद्ध अम्बेडकर महासभाद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी प्रदेश प्रमुख मियाँले गौतम बुद्धको प्रतिमा अनावरण गर्नुका साथै बौद्ध अम्बेडकर पार्कको शिलान्यास गरेका हुन्। सो अवसरमा उनले वर र पिपलका बिरुवा रोपेर वृक्षरोपणसमेत गरेका थिए। बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/06/18/735721/**

## जेठ महिनामा पाथीभराबाट ४६ लाख बढी भेटी सङ्कलन

जेठ महिनामा ताप्लेजुङस्थित पाथीभरा मन्दिरबाट ४६ लाख ६० हजार बढी भेटी सङ्कलन भएको छ । पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङवाङका अनुसार जेठ महिनामा ४६ लाख ६० हजार ६ सय रुपैयाँ भेटी सङ्कलन भएको हो । पाथीभरा क्षेत्र विकास समितिले प्रत्येक महिना मन्दिरबाट सङ्कलन भएको रकममध्ये गणना भएको र मन्दिरको दर्शन गर्न आएका तीर्थालुको संख्या सार्वजनिक गर्दै आइरहेको छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/over-4-6-million-offerings-collected-from-pathibhara-in-the-month-of-jestha-74-69.html**

## स्वस्थ बुढ्यौलीका लागि किन आवश्यक छ योग ?

रोग देखापरिहालेमा उपचार गरिहाल्ने, मनोरञ्जनका साधनको प्रयोग गर्ने, गफगाफ गर्ने र वृद्धहरूको समूहमा रमाउने आदि गर्नुपर्ने हुन्छ । सदाझैँ यसवर्ष पनि जुन २१ तारिखका दिन (२०८३ असार ७ गते) 'स्वस्थ उमेरका लागि योग' भन्ने नाराका साथ १२औं अन्तर्राष्ट्रिय योग दिवस विश्वभर मनाउने कार्यक्रम रहेको छ । नेपालमा भने विश्व योग दिवसबाहेक प्रत्येक वर्ष माघ महिनाको १ गते राष्ट्रिय योग दिवस समेत मनाउने गरिन्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1955352/why-is-yoga-necessary-for-healthy-aging**

## आधुनिक समाजमा बढ्दैछ योगको महत्व

'योग' शब्दले अनेकानेक अर्थ बोकेको छ । सामाजिक व्यवहारमा योगले दुई वा दुईभन्दा बढी पक्षहरूलाई एक गरेको अर्थ दिन्छ भने दर्शनमा आत्मा र परमात्माबिच योगको कुरा गर्दछ। मानिस भौतिक अवस्थाबाट अभौतिकमा विलीन हुने विधिको अर्थ दिन्छ । सांसारिकताबाट मुक्ति वा मुक्तिको विधि स्पष्ट गर्दछ । प्राचीनकालमा योग, ध्यान र आयुर्वेदका माध्यमबाट मानसिक शान्ति एवम् स्थिरता र आरोग्यताको प्राप्ति हुन्थ्यो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/571868/the-importance-of-yoga-is-growing-in-modern-society**

## पोखरा रङ्गशालामा सामूहिक योग कार्यक्रम

'स्वस्थ वृद्धावस्थाका लागि योग' भन्ने नाराका साथ आज अन्तर्राष्ट्रिय योग दिवस नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइँदै छ । यसै क्रममा आज भारतीय दूतावासको सहयोगमा पोखराको रङ्गशालामा सामूहिक योग कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रममा गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, मन्त्री तथा सांसदहरू, जनप्रतिनिधि र विभिन्न सङ्घ संस्थाको प्रतिनिधित्व छ । योगमा सामेल हुँदै मुख्यमन्त्री पाण्डेले योग व्यायाम मात्र नभएकोले जीवनशैली बनाउनुपर्ने सुझाव दिए । बाँकी...

स्रोत :**https://www.ratopati.com/story/571850/group-yoga-program-at-pokhara-stadium-photos**

## पाथीभरा अध्ययन कार्यदल गठन गर्ने सरकारी निर्णयको राजेन्द्र महतोले गरे स्वागत

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले सरकारले पाथीभरा केबलकार परियोजनाको अध्ययन कार्यदल बनाएकामा स्वागत गरेका छन् । शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै उनले सरकारको निर्णयको स्वागत गरेका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958676/rajendra-mahato-welcomes-government-decision-to-form-pathibhara-study-task-force**

## संस्कृति संरक्षण प्राथमिकतामा

काठमाडौँ महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ११ क्षेत्र समेटेर १०१ बुँदे नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । महानगरपालिकाले मौलिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय र सुशासनयुक्त महानगर निर्माण गर्ने लक्ष्यसहित नयाँ नीति तथा कार्यक्रम प्रस्तुत गरेको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210263**

## मगर समुदायले काठमाडौंमा मनाए भूमे पर्व

मगर समुदायले भूमे अर्थात् प्रकृतिको पूजाआजा गर्दै मनाउने पर्व हो भूमे पूजा । सोही अवसरमा भूमे पर्व संरक्षण समितिले आजबाट तीन दिन सम्म राजधानीको खुल्लामञ्च भूमे पूजा पर्व आयोजना गरेको छ । वर्षायामको सुरुवातसँगै खाद्य बालीमा प्राकृतिक प्रकोप नलागोस्, दैवी विपत्ति नहोस् भनेर भूमिको पूजा गर्ने चलन स्वरूप भूमे पूजा गर्ने गरिन्छ । बाँकी...

स्रोत : **https://khabarhub.com/2026/15/984108/**

स्रोत : **https://www.daksumedia.com/main-news/2026-06-46158**

## किन नाचिन्छ भूमे, यस्तो छ ऐतिहासिक कथा

आज असार १ गते, मगर समुदायको विशेष दिन । मगर बाहुल्य जिल्लाहरु बागलुङ, रुकुम पश्चिम, पूर्वी रुकुम, रोल्पा, दाङलगायतमा भूमे पर्व (भूमे नाच) लाई धुमधाम मनाइन्छ । मगर समुदायले भूमि अर्थात जमिनको पूजा गरेर यो पर्व मनाउने गर्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954003/why-does-bhume-dance-this-is-the-historical-story**

## नाम्क पर्व : प्रकृति पूजादेखि नोकोबाङ्या नाचसम्म

बाढीपहिरो र प्राकृतिक विपत्ति नआऊन् भनी प्रकृतिको आराधना गरिने 'नाम्क' (भूम्या) पर्वमा खेलिने नोकोबाङ्या नाच सामुदायिक एकताको अनुपम नमुना हो । तर, पछिल्लो समय खस-नेपालीकरणको प्रभावले भूम्यालाई भूमे बनाएर यसको भाषिक र सांस्कृतिक मौलिकतामाथि प्रहार भइरहेको छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाज भएको देश हो । यहाँका आदिवासी जनजातिहरूले हजारौँ वर्षदेखि प्रकृतिसँग सहअस्तित्वमा आधारित जीवनशैली विकास गरेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954651/name-festival-from-nature-worship-to-nokobangya-dance**

## पञ्चे बाजा संरक्षणमा जुट्दै महिला

पञ्चेबाजाको संरक्षण गर्न महिलाहरू जुट्न थालेका छन् । पछिल्लो समय विवाह, व्रतबन्ध लगायत महोत्सव सार्वजनिक कार्यक्रमहरूमा महिलाहरूको समुहले पञ्चे बाजा बजाएको देख्न सकिन्छ । आधुनिक बाजाहरूका कारण नेपाली संस्कृतिहरू लोप हुने खतरा बढीरहेकोले करिब ३ वर्ष अघि धरानका महिलाहरूले प्रगतिशील नौमती बाजा तथा पञ्जे बाजा महिला समूह संस्था गठन गरेर संरक्षणमा जुटेको प्रगतिशील नौमती बाजा महिला समूहकी अध्यक्ष लिला ढकालले बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/140184**

## दलित समुदायको इतिहास झल्काउने 'लुहारेकोट'

दलित समुदायको इतिहास झल्काउने लुहारेकोट विकसित हुँदै गएको छ । स्थानीय सरकारले लुहारेकोटलाई धार्मिक, ऐतिहासिक र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाएसँगै लुहारेकोटको महत्व बढ्दै गएको हो । कालीकोटको खाडाँचक्र नगरपालिका-१ को मान्म सदरमुकाम बजारमा अवस्थित छ, लुहारेकोट । लुहारेकोट क्षेत्रलाई ऐतिहासिक दलित समुदायको वीरता र साहसको प्रतीकका रूपमा लिने गरिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1955340/**

## अन्तरजातीय विवाह व्यक्तिगत प्रेमकथाको इतिहास मात्र होइन

नेपालको सामाजिक संरचना लामो समयदेखि जात व्यवस्थाले प्रभावित रहँदै आएको छ । विशेष गरी दलित समुदायलाई सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा पछाडि पारिएको इतिहास हामीले पनि सुन्न पाईरहेकै छौं । विवाहलाई जातीय शुद्धता कायम राख्ने माध्यमका रूपमा हेरिने भएकाले फरक जातबिच विवाह गर्नु सामाजिक रूपमा अस्वीकार्य मानिन्थ्यो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/571169/interracial-marriage-is-not-just-a-history-of-individual-love-stories**

## दलित विद्यार्थीलाई झोला सहयोग

मुक्तिनाथ विकास बैंकले स्याङ्जाका विभिन्न विद्यालयमा अध्ययरत आदिबासी जनजाति तथा दलित विद्यार्थीलाई लक्षित गरेर शैक्षिक सामग्री स्वरूप झोला सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व कार्याक्रम अन्तर्गत जेहेन्दार तथा गरिब परिवारका विद्यार्थीलाई प्राथमिकता दिएर बैंकले झोला वितरण गरेको हो । बैंकले पुतलीबजार नगरपालिका आसपास क्षेत्रका विद्यालयमा अध्ययरत विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/210723**

## गर्मी छल्ने गन्तव्य बन्दै गोरखाको नागेपोखरी

५ घण्टाको उकालो यात्रामा असिनपसिन बनेका यात्री नागेपोखरीको मनमोहक दृश्य देखेपछि थकाइ भुल्छन् । सिरानडाँडाबाट मानव बस्तीविहीन क्षेत्र छिचोल्दै पुगिने अजिरकोट-१ को नागेपोखरी पछिल्लो समय प्रकृतिप्रेमी पर्यटकको रोजाइमा पर्ने गरेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/gandaki-pradesh/2026/06/18/gorkhas-nagepokhari-is-becoming-a-hot-spot-to-beat-the-heat-56-19.html**

## श्रीलंका : नेपाली यात्रुका लागि झन् नजिकिएको सपनाको टापु

समुद्री खाना मन पराउनेहरूका लागि श्रीलंका उत्कृष्ट गन्तव्य हो । ताजा माछा र मसालेदार करी यहाँका विशेषता हुन् । हिन्द महासागरको बीचमा मोतीझैं टल्किने एउटा टापु छ, जहाँ बिहान चियाबगानमाथि कुहिरो खेल्छ । दिउँसो प्राचीन सभ्यताका अवशेषले इतिहास सुनाउँछन्, र साँझ समुद्रको लहरले यात्रुको थकान बगाइदिन्छ । त्यो देश हो, श्रीलंका । अहिले यो देश नेपाली यात्रुका लागि झन् सहज बनेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954471/sri-lanka-the-dream-island-is-getting-closer-for-nepali-travelers**

## पोखरापछि बागलुङमा बढ्दैछन् भारतीय पर्यटक

पछिल्लो समय बागलुङमा भारतीय पर्यटक र तीर्थयात्री बढेका छन् । मुक्तिनाथ जाने पर्यटकले बागलुङ कालीका, शालीग्राम संग्राहलय र पञ्चकोट भ्रमण गर्न थालेका छन् । कालीगण्डकी करिडोरमार्फत भैरहवाबाट सिधै मुक्तिनाथ जाने सडक बनेपछि तीर्थयात्रीहरुले बागलुङमा पनि समय बिताउन थालेका हुन् । कालीगण्डकी करिडोर भित्रका अन्य धार्मिक स्थलको समेत भ्रमण गर्दै उनीहरु मुक्तिनाथ पुग्ने गरेका छन् । बाँकी... स्रोत : **https://ekantipur.com/gandaki-pradesh/2026/06/17/after-pokhara-indian-tourists-are-increasing-in-baglung-59-51.html**

## विश्वले चिन्ने फोक्सुण्डोताललाई आफ्नै प्रदेशले चिनेन

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि पर्यटन क्षेत्रको संरक्षण, विकास तथा प्रवर्द्धनका लागि २१ करोड ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । तर, कर्णालीकै प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक डोल्पाको फोक्सुण्डो ताल भने बजेट वक्तव्यमा समेटिन सकेन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1955030/the-world-famous-phoksundo-lake-is-not-recognized-by-its-own-province**

## परेवा झरना : प्रकृति, आस्था र पर्यटनको केन्द्र बन्दै

उदयपुरगढी गाउँपालिका-३ स्थित ९० फिट अग्लो परेवा झरना घना जंगल र पहाडको काखमा अवस्थित छ, जहाँ पर्यटक संख्या निरन्तर बढ्दै छ । उदयपुरको उदयपुरगढी गाउँपालिका-३ साइपामा रहेको परेवा झरना पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्यका रूपमा परिचित बन्दै गएको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/destination/2026/06/16/parewa-waterfall-becoming-a-center-of-nature-faith-and-tourism-39-20.html**

## हुम्लाको न्यालु लेकमा हिउँपात, पर्यटकलाई हिउँको रमाइलो

हुम्लाको उत्तरी क्षेत्रमा पर्ने नाम्खा गाउँपालिका-६ को न्यालु लेकमा हिउँपात भएको छ । शनिबार रातिदेखि वर्षा भए पनि आइतबार दिउँसोदेखि भने सो क्षेत्रमा हिउँ पर्न सुरु भएको हो । चार हजार पाँच सय मिटरको उचाइमा रहेको न्यालु क्षेत्रको सेलिभाङ दहभन्दा माथिल्लो भागमा हिउँपात भएको नाम्खा गाउँपालिका-६ का वडाध्यक्ष पाल्जोर तामाङले बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210244**

## पूर्वी नेपालको पर्यटन नयाँ दिशातर्फ

केचनाको समथर भूभागदेखि कञ्चनजंघाको हिमाली उचाइसम्म फैलिएको पूर्वी नेपालको पर्यटन सम्भावना अपार रहेको छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पदा र साहसिक पर्यटनका अनेक आयाम बोकेको यस क्षेत्रलाई एउटै पर्यटकीय करिडोरका रूपमा विकास गर्ने बहस लामो समयदेखि चल्दै आएको छ । यही बहसलाई नीतिगत र व्यावहारिक निष्कर्षतर्फ लैजाने उद्देश्यसहित इलाममा 'केचना-कञ्चनजंघा रेस्पोन्सिबल टुरिजम मिट २०८३' सम्पन्न भएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/06/18/773753/**

## अन्नपूर्ण आधार शिविर पर्यटकले गुलजार

सोह्र वर्षअघिसम्म गुमनाम अन्नपूर्ण हिमालको आधार शिविर अहिले गुल्जार बनेको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरु हुने आधार शिविर पहिचान, पूर्वाधार र प्रवर्द्धनपछि गुल्जार भएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958872/annapurna-base-camp-tourists-buzzing**

## पर्यटनको नयाँ क्षितिज

'हाम्रो सुन्दर सुदूरपश्चिम प्रदेश हामी चिनाउँछौँ' भन्ने सङ्कल्पका साथ कर्णाली नदीपारिको पर्यटकीय सपना अब साकार हुँदै छ । परिकल्पना अवश्य पूरा हुन्छ । धमाधम बन्दै गरेको तीन हजार एक सय मिटर लामो 'जाल्पादेवी केबुलकार' र प्रस्तावित चार/पाँच किलोमिटर दुरीको 'प्याराग्लाइडिङ' उडानले सुदूरपश्चिमको पर्यटनमा ठुलो परिवर्तन ल्याउने छ । सफल उद्योगपति चन्द्रप्रसाद ढकाल समूहको सात अर्ब रुपियाँ लगानी र सुदूरपश्चिम प्रदेश सरकारको सक्रिय सहयोगमा यो बहुआयामिक काम सम्पन्न हुँदै छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/210941**

## इतिहासको खोज : पर्यटन र चारधामको यात्रा

पर्यटनको क्षेत्रमा धार्मिक अथवा आध्यत्मिक उद्देश्यले गरिने यात्रा तीर्थाटन पर्यटन हो । धार्मिक पर्यटनको सुरुवात मानव सभ्यताको प्रारम्भिक कालदेखि भएको मानिन्छ । मानिसहरूले जबदेखि धार्मिक विस्वासहरू विकास गर्न थाले त्यही समयदेखि तीर्थाटनमा यात्रा गर्न थालेका हुन । तीर्थाटन पर्यटनको मुल उद्देश्य भनेको आफ्नो धर्म अनुसार कुनै पनि पवित्र स्थल मन्दिर, मस्जित, चर्च, गुम्वा, स्तूप आश्रम लगायतका स्थानमा पुगि पुजा आजा र दर्शन गर्नु हो । हिन्दू परम्परामा चारधाम यात्रा विशेष मानिन्छ । बाँकी... स्रोत : **https://www.antaranganews.com/?p=48974**

## चर्चामा जुम्लाको गिडीदह

पर्यटन प्रवर्द्धनमा खास कर्णालीलाई 'टास' कर्णालीको उपेक्षा । गिडीदह कर्णालीको रारा र सेफोक्सुन्डोपछिको तेस्रो ठुलो ताल हो। यहाँको प्रमुख पर्यटकीय स्थल भए पनि पहिले निकै गुमनाम अवस्थामा थियो। दोस्रो स्थानीय तहको निर्वाचनपछि वडा, गाउँपालिकाले सरकारी टोलीसहित लिएर दुईपटक यस ठाउँमा सम्मेलन गरेपछि गिडीदह चर्चामा आउन थालेको हो। यो ताल जुम्लाको तातोपानी गाउँपालिका- ४ मा पर्छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/198045/2026-06-20**

## देशविदेशमा देउडा - यात्रा

'धारापानी सुकिगयो पड्पानी चुँदैछ
झाउझाउ प्यारी म क्या भनूँ हृदय रुँदैछ'

ग्रीष्म ऋतुमा निकै गर्मी बढिरहेको छ टेक्सासमा । मध्यजेठ, यहाँको तापक्रम ४२ डिग्री छ । नेपालको धनगढी, महेन्द्रनगर, भैरहवालगायतका तराईका जिल्लामा जस्तो। माथिको देउडागीतले पनि सुक्खा यामको चर्चा गरेको छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/deuda-s-journey-abroad-br-10-19.html**

## मोदीले भविष्यमा सामना गर्नुपर्ने पाँच चुनौती

गत साता भारतीय मिडियामा नरेन्द्र मोदीले भारतको सबैभन्दा लामो निर्वाचित प्रधानमन्त्रीको रूपमा जवाहरलाल नेहरूको रेकर्ड तोडेको समाचार भरिएको थियो। उसो त मोदी र नेहरूबिच कसले देशको लागि धेरै काम गऱ्यो भनेर खुब तुलना हुन्छ। तर खासमा अहिलेसम्म जे हासिल भयो भन्नेमा ध्यान केन्द्रित गर्नुको सट्टा भविष्यलाई हेर्नु राम्रो हो। किनभने मोदीको यो कार्यकाल सकिन अझै तीन वर्ष बाँकी छ। अर्थात्, मोदी कम्तीमा पनि सन् २०२९ सम्म भारतका प्रधानमन्त्री रहनेछन्। उस्तै परे हुन सक्छ उनी सन् २०३४ सम्म पनि प्रधानमन्त्री होलान्! बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197855/2026-06-18**

## भारत-नेपाल बहसमा प्रायः छुट्ने विषय

नेपालको सीमासम्बन्धी मुद्दामा प्रधानमन्त्री बालेन्द्र शाहले हालै नेपालको संसद्मा दिएको अभिव्यक्तिले निकै ठुलो बहस सिर्जना गरेको छ। तैपनि, धेरैजसो छलफल भनिएका कुराको बृहत्तर महत्वमा भन्दा व्यक्तिगत रूपमा प्रयोग गरिएका शब्दमा केन्द्रित भएको छ। यसको चुरोमा, प्रधानमन्त्रीको सन्देशले एउटा महत्वपूर्ण यथार्थलाई प्रतिबिम्बित गरेको छ- क्षेत्रीय चासो र सभ्यतागत सम्बन्धहरू आपसमा प्रतिस्पर्धा गर्ने विचार होइनन्। एउटा परिपक्व राज्य दुवैको रक्षा गर्न सक्षम हुन्छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197843/2026-06-18**

## रास्वपाको आगामी मार्गचित्र : बहुलवादमा आधारित पूर्ण लोकतान्त्रिक गणतन्त्र

प्रतिनिधिसभा निर्वाचनमा करिब दुईतिहाइ सिट जितेको रास्वपाले पहिलो पटक राजनीतिक दर्शन र वैचारिक दृष्टिकोण तय गर्दै छ। असार ७-९ मा चितवनमा हुने पहिलो महाधिवेशनका लागि रास्वपाले 'बहुलवादमा आधारित पूर्ण लोकतान्त्रिक गणतन्त्र' को मार्गचित्र अघि सारेको हो। रास्वपाले यसअघि शासन व्यवस्थाप्रति विधानमा उल्लेख गरेको थिएन। पार्टी सहमहामन्त्री तथा सांसद विपिन आचार्य संयोजकत्वको विधान संशोधन समितिले तयार पारेको प्रतिवेदनमा पार्टीको राजनीतिक दर्शन र वैचारिक दृष्टिकोण स्पष्ट पारिएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/06/18/rsvps-future-roadmap-a-fully-democratic-republic-based-on-pluralism-10-19.html**

## लोकतन्त्रको क्षयीकरण

प्रोफेसरहरू स्टेभेन लेभेस्की र डेनियल जिब्लाटले लेख्नुभएको 'हाउ डेमोक्रेसिज डाइ' किताब पहिलो पटक प्रकाशित भएको आठ वर्ष बितिसकेको छ । लेखकहरूले किताब लेख्नु र प्रकाशित गर्नुको उद्देश्य प्रजातन्त्रलाई परिष्कृत गर्दै जानु र लोकतन्त्रभित्रैबाट जन्मिने तानासाहीलाई निरुत्साहित गर्नु हो तर पनि वर्तमानमा लोकतन्त्रको क्षयीकरण हुने क्रम रोकिएको छैन। भिन्न-भिन्न देशमा भिन्न-भिन्न समय र रूपमा लोकतन्त्रभित्रै तथा लोकतान्त्रिक प्रक्रियामार्फत निर्वाचित तानासाह जन्मिरहेका छन् । यसमा आश्चर्यलाग्दो र डरलाग्दो पक्ष यो छ कि निर्वाचित तानासाह निर्माण गर्न र त्यसको समर्थन गर्न शिक्षित युवा बढी देखिन्छन् । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/the-erosion-of-democracy-br-83-68.html**

## लोकतन्त्रमा प्रक्रिया पनि खोजिन्छ, नतिजा मात्रै होइन

अदालत, संसद्, सार्वजनिक सुनुवाइ, प्रेस, प्रतिपक्ष- यी सबैले राज्यलाई केही सुस्त त बनाउाछन् तर यही सुस्तता लोकतन्त्रको सुरक्षा हो र लोकतन्त्र जानाजानी सुस्त बनाइएको प्रणाली हो ताकि सरकारको शक्ति असीमित नहोस्। नेटफ्लिक्सको एउटा चर्चित डकुमेन्ट्री 'हाउ टु बिकम अ टाइरेन्ट' मा एउटा रोचक प्रश्न सोधिन्छ- 'टाइरेन्ट (निरंकुश) सरकार भनेको के हो ?' बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/06/18/democracy-is-about-process-not-just-results-57-19.html**

## प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठक बस्दै

सङ्घीय संसद्को दुवै सदनको बैठक आज बस्दै छ। सङ्घीय संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको बैठक बिहान ११ :०० बजे र राष्ट्रिय सभाको बैठक दिउँसो १:१५ बजे बस्न लागेको हो। प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयकमाथिको छलफल सुरु हुनेछ। सचिवालयका अनुसार विनियोजन विधेयक, २०८३ को विभिन्न मन्त्रालयको विभिन्न शीर्षकमाथि समूहीकृत रुपमा छलफल हुनेछ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954036/the-house-of-representatives-and-the-national-assembly-are-meeting**

## अपि हिमालको काखमा क्रिकेटः 'खेलबाट खुल्दै पर्यटनको नयाँ ढोका'

सुदूरपश्चिमको सबैभन्दा उचाइको सात हजार १३२ मिटर अग्लो अपी हिमाल वरिपरि सेताम्मे हिमशृङ्खला छन्। तल हरियो घाँसेमैदान। भेडाबाख्राको बथानसँगै चरिरहेका देखिन्छन्। वरिपरि यार्सागुम्बा सङ्कलन गर्न पुगेका युवाहरूको चहलपहल। अपि हिमालको काखमा रहेको अपि बेसक्याम्प, त्यहाँको स्थानीय भाषामा 'पिलकन्द पैदान' भनेर चिनिने मैदानमा युवाहरू क्रिकेट खेलिरहेका छन्। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/570369/cricket-in-the-lap-of-api-himal-new-doors-of-tourism-opening-through-sports**

## हामी लोकतन्त्रप्रति प्रतिबद्ध छौं : सभापति लामिछाने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नो पार्टी लोकतन्त्रबाट कहिल्यै विमुख नहुने बताएका छन्। पार्टीको महाधिवेशनअघि शनिबार भएको बैठकमा उनले लोकतन्त्रबाट आफूहरू कदापि विमुख नहुने प्रतिबद्धता व्यक्त गरे। उनले भने 'संघीय लोकतान्त्रिक गणतन्त्र, देशको संविधान मुलुकलाई अहिलेको अवस्थामा ल्याउन योगदान गरेकाहरूको जगमा हामी उभिएका छौं, हामीलाई यसमा गर्व छ। बाँकी...स्रोत : **https://khabarhub.com/2026/20/986414/**

## लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्ध

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारेर अगाडि बढ्ने भएको छ। असार ७ देखि ९ गतेसम्म चितवनमा हुन लागेको पहिलो महाधिवेशनले विधान संशोधन गर्दै आफ्नो वैचारिक दृष्टिकोणमा पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पूर्ण प्रतिबद्धतालाई संस्थागत गर्न लागेको हो। विधान संशोधन समितिका सदस्य प्रकाशचन्द्र परियारले पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पार्टीलाई संस्थागत रूपमै अगाडि बढाउन लागिएको जानकारी दिनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210922**

## प्रहरीले घर घेऱ्यो, मैले भन्न सकिनँ- केपी सर उठ्नुस्

म इतिहासको विद्यार्थी हुँ । मेरो स्मरणमा नेपालको इतिहासमा वि.सं. २०८२ भदौ २४ को जसरी राष्ट्रिय सम्पदा र व्यक्तिका निजी सम्पत्ति एकै दिन त्यसरी ध्वस्त भएको सायद छैन । त्यो विपत्तिहरूमा पनि महाविपत्तीको अवस्था थियो । भदौ २४ गते हामीले बालुवाटार छाड्दा ९६ वर्षका ससुराबुबालाई पनि साथै लिएर जान विवश भयौँ । २५ गते बिहानदेखि नै उहाँको स्वास्थ्य थप बिग्रँदै गयो। हाम्रा नाम र स्वामित्वमा केही पनि थिएन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958539/the-police-surrounded-the-house-i-couldnt-say-kp-sir-wake-up**

## रास्वपाको प्रथम महाधिवेशनले खोज्नैपर्ने प्रश्नको जवाफ

२०७९ असार ७ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापना भएको घोषणा गर्दै सभापति रवि लामिछानेले भनेका थिए- 'एक जनालाई संसद् छिर्नबाट म रोक्छु । त्यसैगरी अरूलाई रोक्न तपाईं आउनु होला ।' त्यसको पाँच महिनापछिको निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ ७ र समानुपातिक तर्फ १३ सांसद जिताउन सफल भयो । राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनपछि भएको उपनिर्वाचनबाट प्रत्यक्षमा तनहुँबाट एक सिट थपियो । अर्थात् अन्य दलबाट २१ जना संसद् छिर्न रोकियो । यो क्रम त्यतिमै सीमित रहेन । प्रतिनिधिसभामा २१ सांसद रहेको रास्वपा २१ फागुनको निर्वाचनमा दुई तिहाइ नजिक पुग्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958604/the-first-general-convention-of-the-rashtriya-swayamsevak-sangh-rss-must-find-answers-to-the-questions-it-must-answer**

## हेटौंडा कपडा उद्योग चलाउन प्रधानमन्त्री कार्यालय अग्रसर, थालियो सरसफाइ

दुई दशकदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग सञ्चालनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अग्रसरता लिएको छ । हेटौंडा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अनुसार कपडा उद्योग सञ्चालनमा प्रधानमन्त्री कार्यालयले प्रत्यक्ष अग्रसरता लिएको हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले उद्योगको अनुगमनसमेत गरेकी छिन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958604/the-first-general-convention-of-the-rashtriya-swayamsevak-sangh-rss-must-find-answers-to-the-questions-it-must-answer**

## कसरी बच्ने डिजिटल ठगीबाट ?

प्रविधिको विकाससँगसँगै अनेकौं जटिलता पनि आउँछन् । हाम्रै असावधानीका कारण विभिन्न खाले समस्याहरू बेहोर्नुपरेको हुन्छ । थोरै सावधानी अपनाउँदा पनि ठूलो समस्या टर्न सक्छ । भरतपुरको एउटा कलेजमा पढ्ने २३ वर्षीया सुलोचना (परिवर्तित नाम) फेसबुक हेर्दै थिइन् । अचानक अनारकली कुर्थाको विज्ञापन देख्छिन्, जसको मूल्य मात्र २ हजार ५०० रुपैयाँ थियो ! बजारमा यसको मूल्य कम्तीमा ४ हजार ५०० रुपैयाँ पर्ने उनलाई थाहा थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1957073/how-to-avoid-digital-fraud**

## बर्डफ्लु संक्रमण लुकाएको आरोपमा चिडियाखाना प्रमुख साहमाथि छानबिन, पदबाट हटाइयो

सदर चिडियाखाना जावलाखेलमा बर्डफ्लु (एच फाइभ एन वान) संक्रमण पुष्टि भएको विषय राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) को केन्द्रीय कार्यालयलाई समयमै जानकारी नगरइ गुपचुप राखेको आरोपमा चिडियाखाना प्रमुख सत्यनारायण साह छानबिनमा तानिएका छन् । कोषको अध्यक्ष समेत रहेकी कृषि वन तथा पर्यावरणमन्त्री गिता चौधरीको निर्देशनमा कोषले साहलाई चिडियाखाना प्रमुखको पदबाट हटाएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958672/zoo-chief-sah-investigated-removed-from-post-for-concealing-bird-flu-infection**

## रास्वपामा समायोजनबाट आएकालाई प्रतिस्पर्धामा खुकुलो

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा समायोजनबाट आउनेहरूका लागि अतिरिक्त लाभ हुनेगरी विधान संशोधन गरिएको छ । शनिबार ५ घण्टा भन्दा बढी समय लगाएर सकिएको वर्तमान समितिको अन्तिम बैठकले समायोजनबाट आउनेहरूका लागि बिना प्रतिस्पर्धा पद प्राप्ति गर्नेगरी बाटो खुलाउँदै विधानमा व्यवस्था गरेको हो बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1958784/competition-eased-for-those-who-joined-the-rashtriya-swayamsevak-sangh-rss-through-integration**

## लाङटाङको क्यान्जिन क्षेत्रमा पुग्यो केन्द्रीय प्रसारण लाइन

रसुवाको प्रसिद्ध पर्यटकीय स्थल लाङटाङको क्यान्जिन गुम्बालगायत स्थानमा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइनको बिजुली बलेको छ। प्राधिकरणको रसुवा वितरण केन्द्र प्रमुख गुञ्जमान तामाङका अनुसार गोसाइँकुण्ड गाउँपालिका-४ लाङटाङको क्यान्जिन गुम्बा र आसपासका क्षेत्रमा केन्द्रीय प्रसारण लाइन जोडिएसँगै नियमित रुपमा बिजुली बल्न थालेको छ। बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/385194**

## तेस्रो ध्रुवको हिमनदी पग्लँदै : एसियाको जलसुरक्षामा बढ्दो जोखिम

तेस्रो ध्रुव (थर्ड पोल), आर्कटिक (उत्तरी ध्रुव) र अन्टार्कटिक (दक्षिणी ध्रुव) भन्दा बाहिर पृथ्वीको सबैभन्दा ठुलो हिउँ र बरफको भण्डार हो । यसलाई 'एसियाली वाटर टावर' पनि भनिन्छ । यो क्षेत्र चीन, भारत, नेपाल, पाकिस्तान, भुटान, अफगानिस्तान, बङ्गलादेश र म्यानमारसम्म फैलिएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/570672/melting-glaciers-at-the-third-pole-a-growing-risk-to-asias-water-security**

## पाठ्यक्रम सुधारका निम्ति पूर्वाधार र बजेट व्यवस्था गर्न सरकार प्रतिबद्ध : मन्त्री पोखरेल

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयको पाठ्यक्रमलाई अत्याधुनिक तथा रोजगारमुखी बनाउन सरकारले आवश्यक पहल गरिरहेको बताएका छन् । बुधबार मध्यपश्चिम विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले पाठ्यक्रम सुधारका लागि आवश्यक बजेट, पूर्वाधार तथा विशेषज्ञ जनशक्तिको व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको बताए। उनले भने, "त्यसका लागि हामीले आवश्यक बजेट, पूर्वाधार र विशेषज्ञको व्यवस्था गर्न भरपुर प्रयास गर्नेछौं ।" बाँकी...

स्रोत : **https://baahrakhari.com/detail/491480**

## अगाडि बढ्न सकेनन् अध्यादेश

खरिद प्रक्रियाको सरलीकरण, राजनीतिक नियुक्ति खारेजी तथा संवैधानिक निकायमा पदाधिकारी सिफारिसलगायतका लागि जारी अध्यादेश संसदीय प्रक्रियामा अलपत्र परेका छन् । विभिन्न मितिमा जारी आठ अध्यादेश संसद्को चालु अधिवेशनको पहिलो बैठकमा दुवै सदनमा पेस भए पनि स्वीकृतिको प्रक्रिया अघि बढेको छैन । अध्यादेश स्वीकृतिको प्रक्रिया नै अगाडि नबढेपछि प्रतिस्थापन कार्य पनि रोकिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/210257**

## कृषि, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राख्दै ताराखोलाको नीति तथा कार्यक्रम सार्वजनिक

जिल्लाको ताराखोला गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि उत्पादनमुखी अर्थतन्त्र, स्थानीय रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन तथा गुणस्तरीय शिक्षा-स्वास्थ्यलाई केन्द्रमा राख्दै महत्वाकाङ्क्षा नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/210573**

## कहाँ छ लम्साल आयोगको प्रतिवेदन ?

प्रधानमन्त्री बालेन शाहले सरकार गठन भएलगत्तै पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा सम्पत्ति छानबिन आयोग गठन गरे । गठन भएलगत्तै नयाँ आयोगले २०५८ सालमा तत्कालिन न्यायाधीश भैरवप्रसाद लम्सालको नेतृत्वमा गठन भएको सम्पत्ति जाँचबुझ आयोगको प्रतिवेदन खोज्यो । तर, दुई महिनासम्म पनि उसले प्रतिवेदन पाउन सकेको छैन । 'हामी त्यो प्रतिवेदन खोजबिनमै छौं, विभिन्न ठाँउमा माग गरिरहेका छौं, तर अहिलेसम्म भेटेका छैनौं' सम्पत्ति छानविन आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले अनलाइनखबरसँग भने, 'अहिलेसम्म भेटेका छैनौं । प्राप्त हुन्छ भन्ने हामीलाई आशा छ ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1953871/where-is-the-lamsal-commission-report**

## पूर्वाधारको बजेट नै नबुझ्ने गरी बनाएका थियौं : भौतिकमन्त्री लम्साल

भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले पूर्वाधार बजेट यस वर्ष नबुझ्ने गरी बनाइएको बताएका छन् । एकै प्रकृतिको आयोजनाको टेन्डर एकै पटक खोल्दा काम गर्ने समय फरक पर्ने भएकाले त्यस्तो समस्या सल्टाउन खोज्दा थोरैथोरै बजेट, धेरै कार्यक्रममा परेजस्तो देखिएको उनले बताए । संसद्मा बजेटबारे उठेका प्रश्नको जवाफ दिँदै उनले यस्तो बताएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956891/we-made-the-infrastructure-budget-in-a-way-that-was-not-even-understood-minister-of-physical-education-lamsal**

## ३ वर्षपछि नेपालका कुनै पनि सडकमा खाल्डाखुल्डी नदेखिने मन्त्री लम्सालको दाबी

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले अबको तीन वर्षपछि नेपालका कुनै पनि सडकमा खाल्डाखुल्डी नदेखिने दाबी गरेका छन् । प्रतिनिधिसभामा बजेटबारे उठेका प्रश्नको जवाफ दिँदै उनले बजेटमा सोही अनुसार विनियोजन गरिएको बताए । अब खाल्डाखुल्डी मर्मत गर्ने काम पटके नभई नियमित तालिका अनुसार हुने भएकाले लक्ष्य अनुसार काम हुने उनको दाबी छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956908/minister-lamsal-claims-that-no-potholes-will-be-seen-on-any-road-in-nepal-after-3-years**

## उमेर पुगेर बिहे गर्ने छोरीलाई ५१ हजार नगद

महोत्तरीको बर्दिबास नगर क्षेत्रका २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरी (महिला) ले रु ५१ हजार नगद प्रोत्साहन पाउने भएका छन् । नगरको १८औं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यमा यस्तो घोषणा गरिएको हो । बाँकी...

स्रोत : **https://kendrabindu.com/social-affairs/531385/**

## विशाल जनमतलाई संगठनमा ढाल्ने रास्वपा महाधिवेशन

प्रतिनिधि सभा निर्वाचनमा झण्डै दुई तिहाइ जितेर मुलुकको नेतृत्व सम्हालेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रथम महाधिवेशनमा जुटेको छ । पार्टी स्थापनाको चौथो वार्षिकोत्सव पारेर ७ असारदेखि चितवनमा उद्घाटन हुने महाधिवेशनले नीति र नेतृत्व चयन गर्ने कार्यसूची छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1957331/the-rsvp-general-convention-will-shape-the-vast-public-opinion-into-an-organization**

## नेकपामा चुलियो असन्तुष्टि : प्रचण्ड-माधवले नेतृत्व गर्न सक्दैनन् !

संसद्को दोस्रो ठुलो वामपन्थी दल नेपाली कम्युनिस्ट पार्टी(नेकपा)मा आन्तरिक विवाद चर्किएको छ । साबिक नेकपा(माओवादी केन्द्र), नेकपा(एकीकृत समाजवादी) लगायत २५ घटक मिलेर बनेको नेकपामा नेतृत्वको कार्यशैली, वैचारिक, सैद्धान्तिक र कार्य विभाजनलाई लिएर असन्तुष्टि चुलिएको हो । गत फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनमा आठ लाखसहित १७ सिट जितेर चौथो स्थानमा खुम्चिएको थियो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/570271/dissatisfaction-grows-in-ncp-prachanda-madhav-cannot-lead**

## एमाले लुम्बिनीका बहुमत नेताहरु पुनर्गठनको पक्षमा, प्रदेश पदाधिकारी र ९ जिल्ला ओलीको विपक्षमा

नेकपा एमालेको लुम्बिनी प्रदेशस्तरीय वैठकमा वहुमत नेताहरुले यथास्थितिमा पार्टी अघि बढ्न नसक्ने भन्दै यथाशीघ्र नेतृत्व परिवर्तन सहित पार्टी पुनर्गठन अपरिहार्य भएको धारणा राखेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1957450/majority-of-uml-lumbini-leaders-in-favor-of-reorganization-provincial-officials-and-9-districts-against-oli**

## विष्णु र शंकरले एमाले फुटाउन सक्ने ओलीको विश्लेषण

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी विभाजन हुन सक्ने विश्लेषण सुनाएका छन् । बागमती प्रदेशका नेताहरूलाई गुन्डु बोलाएर ओलीले विपक्षीको योजना बमोजिम उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलले पार्टी फुटाउन सक्ने बताएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1953491/olis-analysis-that-vishnu-and-shankar-could-split-uml**

## विज्ञानले खण्डन गरेको दर्शन बोकेर कहाँ पुग्ने कमरेड ?

मार्क्सले भन्थे होला, 'कमरेडहरू ! नढाँटी भन्छु, मार्क्सवादको मृत्यु भइसक्यो, अब यो ब्युँतिन्छ भन्ने नसोच्नुस् । यतिबेला तपाईंहरू प्रविधि विकासको चरम अवस्थामा हुनुहुन्छ । जस्तोसुकै ज्ञान अब तपाईंको पहुँचमा छ । यो बेला मेरो विनम्र आग्रह छ- अब मार्क्सवादी नबन्नुस् । नयाँ संश्लेषणमा लाग्नुस ।' 'क्वान्टम सिद्धान्त पहिलोपल्ट सुन्दा जो व्यक्ति स्तब्ध हुँदैनन्, उनीहरूले क्वान्टम सिद्धान्त छर्लङ्ग बुझेका हुँदैनन् ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956554/comrade-where-will-you-go-with-a-philosophy-that-is-refuted-by-science-2**

## गगन-विश्वले नबुझेको तथ्य र नस्वीकारेको सत्य

नेपाली कांग्रेस अहिले गम्भीर वैचारिक, सङ्गठनात्मक र मनोवैज्ञानिक सङ्क्रमणको चरणमा छ, जहाँ पार्टीलाई डिजिटल ब्रान्ड बनाउने प्रयास भइरहेको छ । गगन थापा र विश्वप्रकाश शर्माले कांग्रेसलाई स्टार्टअप वा डिजिटल परियोजना नभई ऐतिहासिक चेतना भएको संस्था बुझ्न नसकेको आरोप लगाइएको छ । पार्टीभित्रको नयाँ नेतृत्वले असहिष्णुता, बहिष्कार र भागबन्डाको राजनीति गरेको आरोप छ, जसले पार्टीको आत्मालाई कमजोर बनाएको छ । नेपाली कांग्रेस अहिले इतिहासकै गम्भीर वैचारिक, सङ्गठनात्मक र मनोवैज्ञानिक सङ्क्रमणको चरणमा उभिएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/570931/facts-and-truths-that-the-world-does-not-understand-and-does-not-accept**

## उपेन्द्रलाई छाडेर राउत किन ढल्के कुलमान र साम्पाङतिर ?

डा. सीके राउत नेतृत्वको जनमत पार्टीले श्रम संस्कृति पार्टी, उज्यालो नेपाल पार्टी र प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)सँग मिलेर राष्ट्रिय वैकल्पिक मोर्चा गठन गर्ने निर्णय गरेको छ । तर उक्त निर्णयप्रति जनता समाजवादी पार्टी (जसपा) नेपालका नेताहरूले आश्चर्य प्रकट गरेका छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/570841/why-did-raut-abandon-upendra-and-lean-towards-kulman-and-sampang**

## प्रतिनिधिसभाको बैठक बस्दै : मन्त्रीहरूले जवाफ दिने कार्यसूची

संघीय संसद्अन्तर्गत प्रतिनिधि सभाको दोस्रो अधिवेशनको २५ औं बैठक आज बिहान ११:०० बजे बस्दैछ । आजको बैठकको दैनिक कार्यसूचीअनुसार विनियोजन विधेयक, २०८३ अन्तर्गत विभिन्न मन्त्रालयहरूको शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीहरूले जवाफ र स्पष्टीकरण दिनेछन् । संसद् सचिवालयका महासचिव पद्म प्रसाद पाण्डेयका अनुसार आजको बैठकमा निम्नलिखित मन्त्रालयहरूसँग सम्बन्धित प्रश्नहरूको जवाफ दिइने कार्यसूची तय गरिएको छ ।

बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/house-of-representatives-meeting-underway-agenda-for-ministers-to-respond-24-99.html**

## नागढुङ्गा-नौबिसे सुरुङमार्ग साउनदेखि सञ्चालनको तयारी

बहुप्रतिक्षित नागढुङ्गा-नौबिसे सुरुङमार्ग साउन महिनादेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ । आयोजनाका अनुसार सुरुङभित्रका अधिकांश काम सम्पन्न भइसकेका छन् भने आकस्मिक उद्धार तथा सवारी व्यवस्थापनसम्बन्धी परीक्षण भइरहेको छ। २,६८८ मिटर लामो यो सुरुङमार्ग सञ्चालनमा आएपछि नागढुङ्गा-नौबिसे सडकखण्डमा हुने ट्राफिक जाम घट्ने अपेक्षा गरिएको छ । बाहिरी भागमा पहिरो रोकथामको काम भने अझै बाँकी छ। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/17/773591/**

## सोमबार सातै प्रदेशमा बजेट : चालु आवको कार्यान्वयन दयनीय

कानुन अनुसार सातै प्रदेशले सोमबार आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गर्दैछन् । प्रदेशहरूले केन्द्र सरकार जस्तै सुशासन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार जस्ता विषयलाई प्राथमिकता दिएर नयाँ बजेट तयार पारेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1953924/budget-in-all-seven-provinces-on-monday-implementation-of-current-fiscal-year-pathetic**

## ट्राफिक साप्ताह २०८३ भव्य रुपमा सुरु

रौतहट जिल्लामा सडक अनुशासन पालना तथा सवारी दुर्घटना न्यूनीकरण गर्ने बुधबारदेखि ट्राफिक सप्ताह २०८३ भव्य रूपमा सुरु भएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बारा र जिल्ला प्रहरी कार्यालय रौतहट सँगको सहकार्य तथा समन्वयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको आयोजनामा सो जनचेतनामूलक अभियान सुरु भएको हो । बाँकी... स्रोत : **https://madhyanhadaily.com/post/41801**

## धनादेवीको टेम्पो र रास्वपा महाधिवेशन

धनादेवीको भीरतर्फ धकेलिएको टेम्पो होस् या रास्वपा महामन्त्री बुर्लाकोटीको भाषण- दुवैले भन्छन् : सबै समान छन् तर रास्वपाहरू अलि बढी समान छन् । उही योग्यता र क्षमताका दुई जनाका बीचमा प्रतिस्पर्धा भयो भने रास्वपा समर्थकलाई नै सरकारले छनोट गर्नेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954177/dhanadevis-tempo-and-the-rashtriya-swayamsevak-sangh-rss-general-convention**

## सरकारी भवनबाट संघ-संस्थाका कार्यालय हटाउन निर्देशन

जिल्ला प्रशासन कार्यालय काठमाडौंले सरकारी भवन तथा सार्वजनिक निकायका संरचनाभित्र सञ्चालन भइरहेका गैरसरकारी प्रकृतिका संघ-संस्था र संगठनका कार्यालय हटाउन निर्देशन दिएको छ। कार्यालयले सूचना जारी गर्दै संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका तर सरकारी भवनमा कार्यालय सञ्चालन गरिरहेका प्राविधिक तथा पेशागत संघ-संस्थालाई ७ दिनभित्र हटाउन निर्देशन दिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1954998/instructions-to-remove-offices-of-organizations-from-government-buildings**

## अघि बढाइँदै नेपाल र सशस्त्र प्रहरीको विधेयक

गृह मन्त्रालयले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको विधेयकलाई एकैसाथ अघि बढाउने भएको छ। यसअघि संसद् पुगेर फर्किएका दुवै प्रहरी विधेयक सामान्य परिमार्जन गरी प्रारम्भिक छलफल गर्न लागिएको हो। विधेयक परिमार्जनका लागि दुवै प्रहरीले समिति गठन गरेका थिए। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197656/2026-06-16**

## आरजुदेखि थापासम्म जोडिएको पासपोर्ट खरिद प्रकरण, जसको अनुसन्धानमा पक्राउ परे अर्याल

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत वर्ष भएको ई-पासपोर्ट टेण्डर अनियमितता अनुसन्धानमा राहदानी विभागका महानिर्देशक तिर्थराज अर्याललाई पक्राउ गरेको छ । उनीसँगै केही उच्च पदस्थ सरकारी अधिकारीहरुलाई अख्तियारबाट खटिएको टोलीले निगरानीमा राखेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1955200/aryal-was-arrested-during-the-investigation-into-the-passport-purchase-case-linking-former-foreign-minister-deuba-to-thapa**

## बोधि संवादमा अर्थशास्त्रीहरू : 'अर्थतन्त्र रूपान्तरणमा साहसिक नीतिगत निर्णय लिनुपर्छ'

अर्थशास्त्री एवं आर्थिक मामिला जानकाकारहरूले राष्ट्रिय आत्मविश्वासको संकटको अन्त्य गर्दै साहसिक नीतिगत निर्णय गर्नुपर्ने बताएका छन् । सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)को आयोजनामा मंगलबारबाट सुरू भएको चार दिने अन्तर्राष्ट्रिय कन्क्लेभ 'बोधि संवाद' मा बोल्दैउनीहरूले यस्ता धारणा राखेका हुन् । कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाल अहिले मुलुक निर्णायक आर्थिक रुपान्तरणको मोडमा रहेको बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1955901/economists-at-bodhi-dialogue-bold-policy-decisions-must-be-taken-to-transform-the-economy**

## काठमाडौंका खोला किनार : पहिले र अहिलेको दृश्य

सरकारले वैशाख १२ गतेबाट काठमाडौंमा रहेका थापाथली, गैरीगाउँ, सिनामंगल, शान्तिनगर, शंखमूल, मनोहरा खोला, बल्खु र वंशीघाटस्थित किनारका सुकुमवासी बस्ती भत्काउन सुरू गरेको थियो । अहिले ती ठाउँ खाली भएका छन् । सरकारले ती ठाउँमा पार्क बनाउने जनाएको छ । विस्थापितहरूलाई सरकारले काठमाडौं, भक्तपुर र काभ्रेमा गरी ७ ठाउँमा होल्डिङ सेन्टर तोकेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/06/16/kathmandus-riverbanks-past-and-present-views-09-42.html**

## आफ्नो आचरणमाथि प्रश्न उठाइएपछि सभामुखले भने- मेरो ध्यानाकर्षण भएको छ

संसद्मा आफ्नो आचरणमाथि प्रश्न उठाइएपछि सभामुख डोलप्रसाद अर्यालले त्यसप्रति आफ्नो ध्यानाकर्षण भएको बताएका छन् । नेपाली कांग्रेसका सांसद चन्द्रमोहन यादवले सीमा विवादबारे प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को विवादित अभिव्यक्तिउपर रुलिङ नगरेको भनेर सभामुख अर्यालमाथि नै प्रश्न उठाएका थिए । उनले भनेका थिए, 'स्वयम सभामुख महोदयसँग एउटा प्रश्न छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1955934/after-his-conduct-was-questioned-the-speaker-said-my-attention-has-been-drawn-to-it**

## प्रधान सेनापतिद्वारा तीन अधिकृतलाई दर्ज्यानी चिह्न प्रदान

नेपाली सेनाका प्रधान सेनापति अशोक राज सिग्देलले पदोन्नति भएका तीन जना अधिकृतलाई दर्ज्यानी चिह्न प्रदान गरेका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/17/773611/**

## 'मैले आयोगमा सम्पत्ति विवरण बुझाउन आवश्यक ठानेको छैन'

यस्तो छानबिनको सिलसिलालाई स्वीकार गर्ने हो भने सरकार परिवर्तन भएपछि आयोग गठन गर्ने र एकपछि अर्को विवरण पेस गर्न लगाउने दुष्चक्रमा अन्तहीन रूपमा निष्ठावान् राष्ट्रसेवकहरू पर्न जाने कुरा पनि प्रस्ट नै छ । नेपाल सरकारबाट गठित 'सम्पत्ति छानबिन आयोग, २०८३' समक्ष आफ्नो सम्पत्ति विवरण पेस गर्ने वा बुझाउने कुरालाई मैले उचित, आवश्यक र कानूनसङ्गत ठानेको छैन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956261/i-did-not-consider-it-necessary-to-submit-my-asset-details-to-the-commission**

## जेन-जी आन्दोलनमा क्षतिग्रस्त दमक भ्युटावर साढे पाँच करोड खर्च गरेर मर्मत गरिँदै

गत वर्ष भदौमा जेनजी आन्दोलनका बेला आगजनी हुँदा क्षतिग्रस्त बनेको झापा दमक नगरपालिका- ३ दापगाछीमा रहेको दमक भ्युटावरको मर्मत सुरु भएको छ। पहिलो चरणमा ७६ लाख सात हजारमा ठेक्का लागेर मर्मतको काम भइरहेको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय झापाका इन्जिनियर रोशन झाले बताए। असार मसान्तमा सक्ने गरी विनिता कन्स्ट्रक्सन एन्ड सप्लायर्स इटहरीले ठेक्कामा लिएको हो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197848/2026-06-18**

## सम्पत्ति छानबिन आयोग सकसमा

सम्पत्ति छानबिन आयोगलाई दिइएको समयसीमा सकेर अर्को एक महिना थपिँदासमेत आयोगलाई आफ्नो जिम्मेवारी पूरा गर्न धौधौ पर्ने देखिएको छ । २०६३ सालपछि सार्वजनिक पदमा पुगेका राजनीतिक नेतृत्व, संवैधानिक पदाधिकारी, उच्च सरकारी कर्मचारी, सुरक्षा निकायका अधिकारी तथा न्याय सेवासँग सम्बन्धित व्यक्तिहरूको सम्पत्तिको स्रोत र वैधता परीक्षण गर्न गत वैशाख २ गते बसेको मन्त्रिपरिषद्को निर्णयबाट गठन भएको आयोगले वैशाखको अन्तिम साता सार्वजनिक सूचना जारी गरी सम्पत्ति विवरण माग गरेको थियो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/18/773710/**

## त्रिविका ३५० शिक्षक-कर्मचारीलाई सम्पर्क गर्न १५ दिने अल्टिमेटम

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले अध्ययन बिदा लिएर अध्ययन पूरा गरेपछि विश्वविद्यालयको सेवामा नफर्किएका ३ सय ५० जना प्राध्यापक र कर्मचारीलाई १५ दिनभित्र सम्पर्कमा आउन निर्देशन दिएको छ । त्रिविको अध्ययन बिदा सुव्यवस्थापन कार्यान्वयन समितिले बुधबार सार्वजनिक सूचना जारी गर्दै सो निर्देशन दिएको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/06/18/773720/**

## मलाई पिरतीले सांसद र मन्त्री बनायो : पुन

विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले देशसँग पिरती लगाउँदा आफू मन्त्री बन्न पुगेको बताएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमा आफ्ना मन्त्रालयको विनियोजन शीर्षकमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा उनले उक्त टिप्पणी गरेका हुन् । 'एउटा गीत छ-म त यस्तो होइन दाइ, पिरतीले जोगी बनायो । यो पहिलापहिलातिरको समयमा गाइन्थ्यो यो गीत । अब म पनि त्यस्तो संसद् हुने, मन्त्री हुने मान्छे त होइन, तर पिरतीले मलाई सांसद र मन्त्री बनायो । एउटा लामो कहानी छ । पिरती मेरो कसरी कोसँग बसेर म जोगी भए ? बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/06/18/piriti-made-me-an-mp-and-minister-pun-08-59.html**

## प्रधानमन्त्रीको तर्फबाट संसद्मा अर्थमन्त्रीले जवाफ दिने

प्रधानमन्त्री बालेन शाहको तर्फबाट संसद्मा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिने भएका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक विनियोजित बजेटमाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ प्रधानमन्त्री बालेनको तर्फबाट अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिने भएका हुन् । रक्षा मन्त्रालय प्रधानमन्त्री बालेनले सम्हालिरहेकाछन् । यसकारण यो मन्त्रालयको बजेटमाथिको छलफलमा उठेका प्रश्नको जवाफ उनैले जवाफ दिनुपर्ने थियो । तर, प्रधानमन्त्री बालेनको तर्फबाट संसद्मा अर्थमन्त्री वाग्लेले जवाफ दिने भएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956821/the-finance-minister-will-respond-in-parliament-on-behalf-of-the-prime-minister**

## विपद पूर्वतयारी : मोबाइलबाट पहिरो निगरानी

गृहमन्त्री सुधन गुरुङले यस वर्षको मनसुनजन्य विपदमा 'मन्त्रीको निरीक्षण भन्दा जनताको सुरक्षा'का लागि ध्यान दिइएको बताएका छन् । त्यसका लागि हेलिकप्टर खटाउनेदेखि मोबाइल एपमार्फत् पहिरोग्रस्त क्षेत्र पहिचान गर्ने लगायतका काम हुने उनले जानकारी दिए । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट बाहिरिने क्रममा पत्रकारहरुसँग कुरा गर्दै मन्त्री गुरुङले सो जानकारी दिएका हुन् । उनले भने, 'हाम्रो लाइन मिनिस्ट्रीले एउटा एप बनाउनु भएको छ । डोजरहरु कहाँकहाँ छ भन्ने हामीलाई ठ्याक्क थाहा हुन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956747/disaster-preparedness-landslide-monitoring-from-mobile-phones**

## रास्वपाको के हो सिद्धान्त ? ८ बुँदे ब्रिफिङ

नेपालको राजनीतिमा 'नयाँ शक्ति' भनेर चिनिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो महाधिवेशनको संघारमा उभिएको छ । पार्टी स्थापनापछि छोटो समयमै जनताबाट उल्लेखनीय समर्थन प्राप्त गरे पनि एउटा प्रश्न बारम्बार उठ्ने गरेको थियो, रास्वपाको विचार के हो ? सिद्धान्त के हो ? बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/06/18/735723/**

## विद्यालय शिक्षा राष्ट्रिय पाठ्यक्रमको प्रारुप परिमार्जन गरिँदै

विद्यालय शिक्षा राष्ट्रिय पाठ्यक्रमको प्रारुप परिमार्जन गरिँदै छ । यस निम्ति आवश्यक काम अगाडि बढेको शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए । 'विद्यालय शिक्षा राष्ट्रिय पाठ्यक्रमको प्रारुपको परिमार्जनका लागि कार्यदल गठनका लागि कार्य अगाडि बढाइसकिएको छ,' उनले प्रतिनिधिसभाको बैठकमा भने । आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक विनियोजित बजेटमाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा उनले यसबारे जानकारी दिएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956818/the-draft-of-the-national-school-curriculum-is-being-revised**

## प्रकोपका लागि प्रतिशोध साँधेर आएको छु : गृहमन्त्री गुरुङ

गृहमन्त्री सुधन गुरुङले मनसुनजन्य विपद् व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेर तयारी गरिरहेको बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आयोजना गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी बैठकमा सहभागीपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । **https://www.onlinekhabar.com/2026/06/1956862/i-have-come-with-vengeance-for-the-disaster-home-minister-gurung**

## प्रधानमन्त्रीको तर्फबाट संसद्मा अर्थमन्त्रीले जवाफ दिने

प्रधानमन्त्री बालेन शाहको तर्फबाट संसद्मा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिने भएका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक विनियोजित बजेटमाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ प्रधानमन्त्री बालेनको तर्फबाट अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिने भएका हुन् । रक्षा मन्त्रालय प्रधानमन्त्री बालेनले सम्हालिरहेकाछन् । यसकारण यो मन्त्रालयको बजेटमाथिको छलफलमा उठेका प्रश्नको जवाफ उनैले जवाफ दिनुपर्ने थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1956821/the-finance-minister-will-respond-in-parliament-on-behalf-of-the-prime-minister**

## उद्धार कार्यबाहेक हेलिकोप्टर प्रयोग नगर्न गृहमन्त्रीको निर्देशन

गृहमन्त्री सुधन गुरुङले विपत् व्यवस्थापन र पूर्वतयारीका सम्बन्धमा परम्परागत कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका छन् । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सुरक्षा निकायका प्रमुखहरूसँगको विशेष बैठकमा गृहमन्त्रीले गुरुङले विपत् आइसकेपछि मात्र उद्धार र राहतमा खटिने प्रवृत्तिमा सुधार गर्न सचेत गरा । बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/197877/2026-06-18**

## तराईमा धान उत्पादन बढाउन कोरियाले करिब २ अर्ब अनुदान दिने

नेपालको तराई क्षेत्रमा जलवायु अनुकूलित धान उत्पादन र उत्पादकत्व वृद्धि गर्न दक्षिण कोरिया सरकारले करिब २ अर्ब रुपैयाँ बराबर अनुदान सहयोग उपलब्ध गराउने भएको छ । यस सम्बन्धमा कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) र नेपालका तर्फबाट कृषि, वन तथा वातावरण मन्त्रालयबीच 'नेपालको तराई क्षेत्रमा जलवायु अनुकूलित धान उत्पादन र उत्पादकत्व वृद्धि नामक परियोजना कार्यान्वयनका लागि बिहीबारमा हस्ताक्षर भएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/06/1957260/korea-to-provide-additional-subsidy-of-around-rs-2-billion-to-increase-rice-production-in-terai**

## कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर

विश्वमा नै सायद यस्तो व्यक्ति कोही नहोला, जो एकचोटि मात्रै नेपाल आएको थियो विगतमा भने उसको हृदयमा फेरि नेपाल आउने उत्कट अभिलाषा नपलाएको होस् । सामान्यतया पर्यटकहरूले वसन्त ऋतु वा शरद् ऋतुमा आफ्नो भ्रमण कार्यतालिका निश्चित गर्ने गरेको पाइन्छ । र, त्यस याममा नेपाल आउने बाह्य पर्यटक संख्या बढी रहने गरेको हामी देख्छौँ । यद्यपि, नेपाल भ्रमणप्रतिको रुझान विदेशी मित्रहरूमा यति बढ्दो छ कि ऊ जुनसुकै याममा पनि नेपाल आउन लालायित नै रहेको हुन्छ । त्यसै कारणले कैयौँ विदेशी मित्रले नेपाललाई हरमौसममा आफ्नो गन्तव्य बनाउन चाहन्छन् । बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/386523**

## सीप सिकेर आत्मनिर्भर बन्दै म्याग्देका महिला

तनहुँको म्याग्दे गाउँपालिका-४ मनहरीमा आयोजित तालिममा कोही महिला कागज काटिरहेका छन्, कसैले धूप बनाउन आवश्यक सामग्री मिसाइरहेका छन् भने केही महिला अचारको मसला तयार पार्न व्यस्त छन् । घरायसी कामकाजमा मात्रै सीमित देखिने महिला नयाँ सीप सिक्दै उद्यमी बन्ने सपना बनाइरहेका छन् । गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत म्याग्दे गाउँपालिकाले सञ्चालन गरेको सीपमूलक उद्यम विकास तालिमले मनहरीका महिलामा आत्मविश्वास र आशाको नयाँ सञ्चार गरेको हो । म्याग्दे-४ को सहजीकरणमा सञ्चालित तालिममा ३५ जना महिला सहभागी छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/571376/women-of-myagde-become-self-reliant-by-learning-skills**

## अबको नेपाली डायस्पोरा रणनीति

हिजोसम्म आफ्ना अधिकारका लागि सिंहदरबार र बालुवाटार ढकढक्याउने प्रवासीहरू अब ह्वाइटहाउस र डाउनिङ स्ट्रिटमा आफ्नो अधिकार र प्रभाव राख्छन्। यसलाई नेपालले जराहरूको अस्वीकृति होइन, पहुँचका रूपमा बुझ्नुपर्छ। जब अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प गत महिना दुई दर्जनभन्दा बढी कर्पोरेट सीईओसहित एयर फोर्स वान चढेर चीन भ्रमणका लागि उडे, तब उनले कूटनीतिभन्दा माथिको सन्देश दिए। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/06/18/future-nepali-diaspora-strategy-11-54.html**

## व्यस्त जीवनशैलीमा माइन्डफुलनेसको अभ्यास

आजको व्यस्त जीवनशैलीमा तनावले मानिसको मानसिक मात्र होइन, शारीरिक स्वास्थ्यलगायत सम्पूर्ण दैनिकीमा पनि असर पुऱ्याइरहेको हुन्छ। तनावको असर वयस्क तथा वृद्धवृद्धा सबै उमेर समूहका व्यक्तिमा देखिन सक्छ। दैनिक जीवनका विभिन्न दबाब र चुनौतीका कारण मानिसले असहजता महसुस गर्दा तनाव उत्पन्न हुने सम्भावना बढ्छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/198038/2026-06-20**

## दुर्व्यवहारले वृद्धवृद्धाको दुर्दशा

आमाबुबाको काँप्ने ओठबाट निस्कने आशीर्वाद नै संसारको सबैभन्दा ठूलो सम्पत्ति हो । यत्ति बुझे जीवन सार्थक बन्छ । जीवन एउटा नदी हो, जो अनेकौं घुम्ती पार गर्दै अन्त्यमा शान्त सागरतर्फ बग्छ । यो सृष्टिको अकाट्य नियम हो । बाँकी... स्रोत : **https://annapurnapost.com/story/501784/**

## जरा खस, रुख नेपाल

खसहरू नेपालको इतिहास, शासन, भाषा र संस्कृतिको मेरुदण्ड हुन् । आजको समाजमा खस जाति केवल जात होइन । यो त एउटा गौरवशाली ऐतिहासिक र सांस्कृतिक समुदाय हो, जसले नेपालको प्रतिनिधित्व गर्छ । विश्व विख्यात इतिहासकार एच.ए. डिभिसले समाज विकासमा खस सभ्यतालाई मौलिक मानेका छन् । उनले यसलाई रोम, हिब्रु र सिन्धुघाँटी जस्तै चाखलाग्दो सभ्यता भनेका छन् । जुम्लाको खस जातिको उत्पत्ति प्राचीन समयदेखि नै भएको मानिन्छ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/502110/**

## Restoration begins at Bhaktapur’s historic Siddhapokhari

Restoration work is underway at Siddhapokhari, one of Bhaktapur’s most prominent historical and cultural landmarks. the reconstruction project at the pond, located in ward 1 of Bhaktapur Municipality, began on June 3. Bhaktapur Municipality has allocated Rs9.8 million for the project, which is being implemented through a users’ committee. बाँकी... स्रोत : **https://kathmandupost.com/visual-stories/2026/06/15/restoration-begins-at-bhaktapur-s-historic-siddhapokhari**

## Vietnamese monks, 'Aloka' the dog continue peace journey across Buddhist heritage sites in Kathmandu

A Vietnamese Buddhist monk delegation accompanied by 'Aloka'-the dog that gained global attention during a 3,700-kilometre peace walk in the United States-visited major Buddhist heritage sites in Kathmandu Valley on Monday as part of their ongoing "Walk for Peace" campaign. the group, led by Bhikkhu Pannakara, visited Boudhanath Stupa, Swayambhunath Stupa, Charumati Chaitya and nearby viharas, following their arrival in Nepal from Lumbini. बाँकी...

स्रोत : **https://thehimalayantimes.com/nepal/vietnamese-monks-aloka-the-dog-continue-peace-journey-across-buddhist-heritage-sites-in-kathmandu**